# मिति २०८१/९/९ गतेको नगर सभाको सोह्रौं अधिवेशनका प्रस्तावहरु

(१) चालु आ.व.को हाल सम्मको प्रगती समिक्षा ।
(२) योजना तथा कार्यक्रम अनुमोदन तथा स्वीकृत सम्बन्धमा ।
(३) वेरुजु फर्छ्यौट सम्बन्धमा ।
(४) विविध सम्बन्धमा ।

मिति २०८१/९/९ गतेको नगर सभाको सोह्रौं अधिवेशनबाट पारित निर्णयहरु

निर्णय नं.- १

यस शितगंगा नगरपालिकाको नगरसभाको पन्धौं अधिबेसनबाट स्वीकृत राजश्व, योजना तथा कार्यक्रमहरुको हाल सम्मको अवस्था लगायत नगरपालिकाबाट भएको कार्यको विषयगत समिति अनुसार प्रस्तुतीकरण भयो । स्वीकृत योजना तथा कार्यक्रम समेत हाल सम्म १५ प्रतिशत सम्झौता भएको, २ प्रतिशत भुक्तानी भएको अवस्था देखियो । हाल सम्मको प्रगति हेर्दा केही सुस्त गतिमा भएको देखियो । स्वीकृत योजना तथा कार्यक्रम समयमै कार्यान्वयन गरी छिटो लाभ प्राप्त हुने गरी कार्य गर्न नगरपालिकालाई निर्देश गर्ने निर्णय गरियो ।

निर्णय नं.- २

नगरसभाको पन्धौं अधिबेसनबाट विनियोजित कुल बजेटमा केही संसोधन भएको र विभिन्न योजना तथा कार्यकमको लागि वजेट विनियोजन भएको तथा केही एकमुष्ठ रहेको वजेटबाट निम्न बमोजिमका योजना तथा कार्यकमहरु संसोधन तथा विनियोजन गर्नु पर्ने र संसोधित बजेट स्वीकृत गर्नु पर्ने भएकोले संसोधन तथा विनियोजन गरी स्वीकृतीको लागि नगरसभामा कार्यपालिका बैठकबाट निर्णय भई पेश भएकोमा तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

(क) नगरसभाको पन्धौ अधिवेसनबाट विभिन्न योजना तथा कार्यक्रमको लागि वजेट विनियोजन भएको तथा केही एकमुष्ठ रहेको वजेटबाट निम्न बमोजिमका योजना तथा कार्यकमहरु संसोधन तथा विनियोजन गरी कार्यपालिका बैठकबाट निर्णय भई स्वीकृतीको लागि पेश भएकोमा पेश भएबमोजिम स्वीकृत गर्ने ।

तपशिल

| पान्धौ नगरसभा तथा का.पा बैठकबाट स्वीकृत भएका योजना/कार्यक्रम र रकम | | विनियोजन तथा संसोधन भई कायम हुने योजना/कार्यक्रम र रकम | | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| योजना/कार्यक्रमको नाम | रकम | योजना/कार्यक्रमको नाम | रकम | |
| विनियोजन | | पावरा कुलो बाध निर्माण शिनपा १४ | १५०००० | आ.श्रो |
| | | शिनपा ४ वि पी स्मृती अधुरो भवन र वडा कार्यालय अधुरो भवन निर्माण | ११५००० | आ.श्रो |
| | | डोहोटे अस्थायी प्रहरी चौकी व्यवस्थापन | १५०००० | आ.श्रो |

| | | | | |
|---|---|---|---|---|
| | | नगरपालिकामा क्यान्टीन निर्माण | १०००००० | आ.श्रो |
| | | धारखोला डिही सिंचाई कुलो मर्मत शिनपा ६ | २००००० | आ.श्रो |
| | | सितखोला डिही भो.पु. मर्मत शिनपा १० | ५०००० | आ.श्रो |
| फोहोर मैला तथा ढल व्यवस्थापन | ५००००० | नगरपालिकामा क्यान्टीन निर्माण | ५००००० | आ.रा. |
| नगरपालिका डम्पीङ्ग साईड व्यवस्थापन | ५००००० | नगरपालिका डम्पीङ्ग साईड व्यवस्थापन | २००००० | आ.रा. |
| | | वडा नं. ४ को वडा सेवा केन्द्र अधुरो भवन निर्माण | ३००००० | आ.रा. |
| उद्योग वाणिज्य संघ अधुरो भवन निर्माण (क्रमागत) न.पा. (११२/६) | ५००००० | उद्योग वाणिज्य संघ कार्यालय व्यवस्थाप तथा मर्मत सुधार | ५००००० | सं रा |
| लाहुरे वजार खा.पा. पाईप खरिद न.पा. (११३/५) | २००००० | लाहुरे बजार खा.पा. व्यवस्थापन शिनपा २ | २००००० | आ.रा |
| नगर प्रमुखसँग कृषि तथा केरा खेती कार्यक्रम (१००/९) | ४५०००० | केराको धागो निकाल्ने तालिमा संचालन | १००००० | स.स.अ |
| | | चेलीबेटी कृषि तथा पशुपंक्षि फर्म केरा खेती विस्तार | ३५०००० | स.स अ |
| उप प्रमुखसँग महिला दिदि बहिनी शिप शिकाई कार्यक्रम शिनपा ८ (१०८/५) | ३००००० | शिव मन्दिर व्यवस्थापन तथा तारवार शिनपा ८ | १५०००० | आ |
| | | महिला दिदी बहिनीहरुको लागि तालिम शिनपा ८ | १५०००० | आ |
| खमारी ठाटी गुनाकापोखरा मो.वा. शिनपा ६ (११०/१३) | ५००००० | खमारी ठाटी गैराखर्क आटारी मो.वा. शिनपा ६ | ५००००० | स.प्र |
| विभिन्न खा.पा. योजना मर्मत तथा पाईप खरिद शिनपा ५(११३/९) | २००००० | विभिन्न योजना मर्मत सुधार पाईप खरिद ५ | २००००० | स.स.अ |
| उप-प्रमुखसँग पूर्वाधार विकास कार्यक्रम (११५/४) | ५००००० | सगरमाथा सहकारी भवन मर्मत ३ | १००००० | सं रा |
| | | विभिन्न योजना मर्मत सुधार पाईप खरिद | १००००० | सं.रा |
| | | बाहुनखर्क सहरी स्वास्थ्य केन्द्र मर्मत सुधार शिनपा १३ | ५०००० | सं.रा |
| | | दहघांट सिंचाई व्यवस्थापंन शिनपा १० | १००००० | सं.रा |
| | | खऱ्यान खालटोल ठूलोखोल्सो जाली भर्ने कार्य शिनपा २ | १५०००० | |
| पशु विकास कार्यक्रम शिनपा १० (११३/२) | २००००० | औषधी वितरण शिनपा १० | १००००० | सं स.अ. |
| | | हाते ट्याक्टर वितरण कार्यक्रम शिनपा १० | १००००० | सं स.अ. |
| पुरानागाउँ केरा पकेट क्षेत्र कार्यक्रम शिनपा ४ (१२६/२) | १००००० | वडा कार्यालय व्यवस्थापन तथा मर्मत शिनपा ४ | ३००००० | सं स.अ. |
| शिनपा ४ भित्रका सार्वजनिक भवन मर्मत तथा व्यवस्थापन (१२६/५) | २००००० | | | |

| | | | | |
|---|---|---|---|---|
| स्वास्थ्य सम्बन्धि कार्यक्रम संचालन शिनपा १ (१२०/१) | १००००० | जनजाती विशेष कार्यक्रम शिनपा १ | १००००० | सं स.अ. |
| बाउन्दी केवरेघाट मो.वा. निर्माण शिनपा १ (१२०/४) | १००००० | पिपलनेटा बाउन्दी मो.वा. ग्राभेल तथा कोल खण्ड सडक आरसिसि ढलान शिनपा १ | २००००० | सं स.अ. |
| विपद व्यवस्थापन कार्य शिनपा १ (१२०/४) | १००००० | | | |
| विपद व्यवस्थापन शिनपा १४ (१३४/१) | ५०००० | वडा कार्यालय व्यवस्थापन १४ | ५०००० | सं स.अ. |
| गच्छे भालुवाङ्ग र पतञ्जली मो.वा. मर्मत शिनपा ७ (१३०/५) | १००००० | फुर्सा मोटरबाटो स्तरोन्नती शिनपा ७ | १००००० | सं स.अ. |
| पुर्सा दमारवेशी कालाखोला सिंचाई शिनपा ७ (१३१/१०) | ५००००० | पुर्सा मोटरबाटो स्तरोन्नती शिनपा ७ (थप) | ५०००० | सं स.अ. |
| | | पुर्सा दमारवेशी कालाखोला सिंचाई शिनपा ७ | ४५०००० | सं स.अ. |
| स्वास्थ्य सेवा व्यवस्थापन, स्वंयम सेविका खाजा, स्वास्थ्य सम्बन्धि कार्यक्रम शिनपा ७ (१३०/३) | १००००० | जलुके स्वास्थ्य चौकी व्यवस्थापन तथा स्वास्थ्य सम्बन्धि कार्यक्रम शिनपा ७ | १००००० | सं स.अ. |
| देउराली आधारभुत स्वास्थ्य केन्द्र व्यवस्थापन तथा स्वास्थ्य सम्बन्धि कार्यक्रम शिनपा ६ (१२८/३) | १००००० | महिला स्वास्थ्य स्वंयम सेविका र वडाका जनप्रतिनिधि तथा कर्मचारी अवलोकन भ्रमण शिनपा ६ | १००००० | सं स.अ. |
| विभिन्न कार्यक्रम समपुरक शिनपा ६ (१२९/१) | १००००० | महिला स्वास्थ्य स्वंयम सेविका र वडाका जनप्रतिनिधि तथा कर्मचारी अवलोकन भ्रमण शिनपा ६ | ५०००० | सं स.अ. |
| | | देउराली सहिद गेट मर्मत शिनपा ६ | ५०००० | सं स.अ. |
| कोहल खानेपानी मोटर मर्मत शिनपा ३ (१२५/९) | १५०००० | पोखेडाडाँ पदमे कोहल मो.वा. स्तरोन्नती तथा सितखोला पुट ब्रिज निर्माण ३ | १५०००० | सं स.अ. |
| निशुल्क पशु विमा कार्यक्रम शिनपा ३ (१२४/२) | १००००० | वडा कार्यालय व्यवस्थापन सामाग्री खरिद शिनपा ३ | १००००० | सं स.अ. |
| पाल्लेपानी खा.पा. टंकी निर्माण शिनपा १३ (१४१/५) | ५०००० | युवा मैत्री भलिवल प्रतियोगिता कार्यक्रम शिनपा १३ | ५०००० | सं स.अ. |
| डोडुवा केवरे पधेरो निर्माण शिनपा १३ (१४१/६) | ५०००० | विभिन्न मो.वा. स्तरोन्नती तथा हिमपाईप खरिद शिनपा १३ | ५०००० | सं स.अ. |

| | | | | |
|---|---|---|---|---|
| १३ (१४१/१) | | नागरिकसँग जनचेतना कार्यक्रम संचालन शिनपा १३ | | |
| भेडामारे सिमलपानी सडक हेरालु व्यवस्थापन शिनपा १३ (१४०/१) | १००००० | भेडामारे सिमलपानी सडक हेरालु व्यवस्थापन शिनपा १३ | ८०००० | सं स.अ. |
| | | सार्वजनिक सुनुवाई कार्यक्रम शिनपा १३ | २०००० | सं स.अ. |
| बडाचौर क्षेत्र सडक वत्ती महशुल भुक्तानी शिनपा २ (१२३/१) | ५०००० | बडाचौर क्षेत्र सडक वत्ती महशुल भुक्तानी तथा मर्मत संभार शिनपा २ | ५०००० | सं स.अ. |
| लाहुरे बजार क्षेत्र पर्यटन पर्वद्धनका लागि सडक वत्ती विस्तार शिनपा २ (१२२/३) | २००००० | फलाचौर अधुरो बौद्ध गुम्बा निर्माण शिनपा २ | १८०००० | सं स.अ. |
| | | लाहुरे बजार सडक बत्ती जडान शिनपा २ | २०००० | सं स.अ. |
| वडा कार्यालय करमगैरामा इन्टरनेट तार खरिद तथा व्यवस्थापन शिनपा ९ (१३५/१) | २००००० | प्रगतिशलि युवा क्लवलाई टेन्ट खरिद शिनपा ९ | १००००० | सं स.अ. |
| | | माथिल्लो छह्रे जौवारी कुलो बाध निर्माण शिनपा ९ | ५०००० | सं स.अ. |
| | | विभिन्न विद्यालय व्यवस्थापन शिनपा ९ | ५०००० | सं स.अ. |
| विपद तथा भैपरी १२ (१३९/१) | ५०००० | कार्यालय व्यवस्थापन १२ | ५०००० | सं स अ. |
| गौरा मा.वि. रेलिङ्ग निर्माण १२ (१३८/१) | १००००० | गौरा मा.वि.मर्मत तथा निर्माण १२ | १००००० | स.स.अ |
| विद्युत मर्मत सुधार शिनपा ५ (१२७/७) | १००००० | देवस्थान हरी मा.वि.आसिसि शिनपा ५ | १००००० | स.स.अ |
| चाक्ला विश्वकर्मा मन्दिर थामकोट सामुदायिक भवन भाविन बाफागरा सिंचाई र वडा कार्यालय भवन मर्मत शिनपा ४ (१०७/४) | ३००००० | चाक्ला विश्वकर्मा मन्दिर थामकोट सामुदायिक भवन वडा कार्यालय भवन मर्मत शिनपा ४ (१०७/४) | ३००००० | सं. रा. |
| स्थानीय पाठ्यपुस्तक छपाई १-३ (१०३/ | ३८००० | स्थानीय पाठ्यपुस्तक लेखन छपाइ तथा व्यवस्थापन | ३८०००० | प्र.रा. |
| थारपाईला धारा पधेरा गल्दा सिंचाई तथा भंगेरी बांगेसिमल सिंचाई शिनपा ५ (११५/६) | ३००००० | भंगेरी बांगेसिमल सिंचाई शिनपा ५ | १००००० | स.प्र. |
| | | थारपाईला धारा गल्दा कृषि सिंचाई मर्मत शिनपा ५ | २००००० | स.प्र. |
| बतासे खानेपानी थारपाईला ठाटी मन्दिर विश्वकर्मा मन्दिर शिनपा ५ | २५०००० | बतासे खानेपानी तथा ज्ञानदिप मर्मत शिनपा ५ | १५०००० | स.स. |
| | | ठाटी मन्दिर विश्वकर्मा मन्दिर शिनपा ५ | १००००० | |
| पुलकामुख पातलटोल नेपाने मो.वा. शिनपा २ (११०/१७) | २००००० | पातलटोल पुलका मुख मो.बा शिनपा २ | २००००० | स.प्र. |

**(ख)** चालु आ.व.मा आय फिर्ता शिर्षकमा विनियोजित रकमबाट गत आ.व.मा आय ठेक्का अर्न्तगत राजस्वमा योगदान गरेका तपशिलका वडाहरुलाई प्रभावित क्षेत्रको विकासको लागि तपशिल वमोजिमको योजना तथा

(ख) चालु आ.व.मा आय फिर्ता शिर्षकमा विनियोजित रकमबाट गत आ.व.मा आय ठेक्का अन्तर्गत राजस्वमा योगदान गरेका तपशिलका वडाहरुलाई प्रभावित क्षेत्रको विकासको लागि तपशिल बमोजिमको योजना तथा कार्यक्रम संचालनको लागि नगरपालिका बैठकबाट निर्णय भई स्वीकृतीको लागि पेश भएकोमा सो लाई स्वीकृत गर्ने ।

तपशिल

| सि. नं | वडाहरु | बजेट रकम रु |
|---|---|---|
| १ | वडा कार्यालय भवन कम्पाउण्ड वाल निर्माण शिनपा ११ (रोजगार कार्यक्रमसँग म्याचिङ्ग) | २०००००/- |
| २ | सम्भु आ.वि. छात्रवास निर्माण शिनपा ११ (रोजगार कार्यक्रमसँग म्याचिङ्ग) | १२००००/- |
| ३ | वडा कार्यालय सभाहल निर्माण शिनपा १४ | २३००००/- |
| ४ | वडाका शाखा मो.वा. मर्मत शिनपा १४ | १२००००/- |
| ५ | लाहापे लिफ्ट सिंचाई कुवा मर्मत शिनपा ८ | १०००००/- |
| ६ | सातमारा सहकारी जाने बाटो स्तरोन्नती शिनपा ८ | २०००००/- |
| ७ | वडा कार्यालय हल निर्माण शिनपा ८ | ६५००००/- |
| | जम्मा | १६२००००/- |

निर्णय नं.- ३

यस शितगंगा नगरपालिकाको बिगत आर्थिक बर्षहरुको आम्दानी खर्चको लेखापरिक्षण हुँदा औल्याईएको बेरुजुहरु मध्ये नियमित गर्ने भनि औल्याईएका तपशिल अनुसारका बेरुजुहरु फछ्यौट गर्ने निर्णय गरियो ।

प्रमाणिकरण गर्ने
छविलाल पौडेल
सभाध्यक्ष/नगर प्रमुख

| सि.नं. | आ.व. | बेरुजु दफा नं. | व्यहोरा | बेरुजु रकम | फछर्यौट गर्नु पर्नाको कारण | सिफारिस |
|---|---|---|---|---|---|---|
| १ | ०७९/८० | ४२ | <u>वडाबाट नियुक्तिः-</u> स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ। सोही अख्तियारी भित्र रहि प्रमुख प्रशासकिय अधिकृतले खर्च गर्नुपर्दछ र अख्तियारीप्राप्त व्यक्तिले मात्र कर्मचारी नियुक्ती गर्नुपर्दछ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले सोही व्यवस्थाको पालना नगरी वडा न. ५,७, १ मा कार्यालय सहयोगी, सडक हेरालु वडासमितिले नियुक्त गरी वार्षिक रु.३०२९००/-खर्च लेखेको नियमित नदेखिएको रु | ३०२,९०० | उक्त उल्लिखित बेरुजुका सन्दर्भमा काम गरी निजहरुको पारिश्रमिक बापतको रकम भुक्तानी भइ सकेको र सुझाव प्राप्त हुना साथ चालु आ.व.देखि पूर्ण रुपमा कार्यान्वयनमा गइ त्यस प्रकारका नियुक्तीहरु अख्तियारी प्राप्त व्यक्तिले मात्र गरेकोले उल्लेखित बेरुजु फछ्यौट गर्ने । | सुझाव कार्यान्वयन भएकोले आगामी दिनमा यस प्रकारले नियुक्ती नगरिने । |
| २ | ०७९/८० | ४४ | <u>संचार सुविधाः-</u>कार्यपालिकाको मिति २०७४/१०/२८ को निर्णयअनुसार नगरपालिकाबाट दिने सेवा सुविधालाई छिटो सहजता ल्याई सुव्यवस्थित बनाउनका लागी आवश्यक पर्ने संचार ,गाडी, इन्धन खर्च तोकी चालु आ.वको लागी आवश्यक प्रकृया पुर्याई खर्चको बिल भरपाई पेस गरी शोधभर्ना दिने निर्णय भएकोमा आ.व २०७९/८० मा सोही निर्णयको आधारमा कर्मचारीलाई सुविधा दिएको देखियो । पुरानै निर्णयको आधारमा थप निर्णय नगरी संचार रु.३७०००० खर्च लेखेको नियमसम्मत मान्न नदेखिएको रु | ३७०,००० | यस पालिकामा लेण्डलाइन टेलिफोन सेवा नभएकोले सेवा सुविधालाई छिटो सहजता तथा सुव्यवस्थित बनाउनका लागी आवश्यक पर्ने संचार पुराने निर्णयको आधारमा एक पटक निर्णय गरेपछी सोही सेवा उपलब्ध गराउन वर्सेपिच्छे निर्णय गर्नु पर्दैन भन्ने बुझाइबाट निर्णय वर्षेपिच्छे नगराइएको हो । सुझाव प्राप्त हुनासाथ उक्त विषयमा निर्णय गरी सुविधा उपलब्ध गराइएकोले सो बेरुजु फछ्यौट गर्ने । | सुझाव कार्यान्वयन भएकोले आगामी दिनमा सालबसाली निर्णय गराइने । |
| ३ | ०७९/८० | ४८ | <u>नाफामुलक संस्थालाई अनुदानः-</u> स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष देहायअनुसारका ७ नाफामूलक संस्थालाई भवन निर्माण, कार्यालय व्यवस्थापन लगायतमा अनुदान दिएको नियमसम्मत नदेखिएको रु.. | २,६४३,५५५ | नगरपालिका भित्र रहेका विभिन्न सहकारीहरुलाइ गत विगत आ.वहरु देखिनै यस प्रकारका विभिन्न शिर्षकमा रकम विनियोजन गर्दै नगरवासी नागरिकहरु सलग्न रहेका सहकारीलाइ व्यवस्थित बनाउन भवन निर्माण हुदै आएकोले यस आ.व.मा समेत भवन निर्माणको आवश्यकता महसुस गरी बजेट विनियोजन गरी भवन निर्माण कार्य भएका हुन आगामी दिनमा सुझाव कार्यान्वयन गर्न गरी उक्त बेरुजु फर्छ्यौट गर्ने । | आगामी दिनमा अधुरो रहेको अवस्थामा संरचना उपयोगमा ल्याउने प्रयोजन बाहेक रकम विनियोजन नहुने । |

| अनुदान प्राप्त गर्ने संस्था | अनुदान व्यहोरा | अनुदान रु. |
|---|---|---|
| शिगगंगा कृषि पशु विकास महिला शहकारी लि ८ | भवन निमाण | ४९६७०० |
| साझा फुलबारी कृषि शहकारी अधुरो भवन निर्माण ५ | अधुरो भवन निर्माण | ९७९००० |
| शुभलक्ष्मी महिला बचत तथा ऋण शहकारी संस्था | भवन मर्मत | ९९८०० |
| मगराकोट कृषि तथा पशु विकास महिला शहकारी लि | भवन निर्माण | ४४७००० |
| जुलुके कृषि तथा पशु विकास महिला शहकारी लि | भवन निर्माण | २७९१०० |
| सिद्धारा सहकारी अधुरो भवन निर्माण | अधुरो भवन निर्माण | २४१९५५ |
| देउराली शहकारी भवन निर्माण | भवन निर्माण | १००००० |
| जम्मा | | २६४३५५५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | ०७९/८० | ६५ | <u>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता</u>:- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ देखि एकमुष्ट अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.४०००००० तलब भत्ता भुक्तानी गरेको देखिएकोले उक्त खर्च नियम संगत नदेखिएको रु. | ४००,००० | विद्यालयमा आन्तरीक श्रोत नभएको कारण शिक्षकको तलब व्यवस्था भएको हो । काम गरेको पारिश्रमिक उपलब्ध गराइएको र काममा लगाएपछी दिनु पर्ने रकम कार्यक्रम स्वीकृत हुँदा वितिय समानिकरण अनुदान तर्फ पर्न गइ सोही बमोजिम खर्च भएको हो । सो पश्चात सुधार गरिएकोले उक्त बेरुजु फर्छ्यौट गर्ने । | आगामी दिनमा सुझाव अनुसार कार्यान्वयन गरिने । |
| ५ | ०७९/८० | ८९ | <u>निर्माण व्यवसायीबाट कार्य</u>:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण तथा जडान कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको बील बिजकबाट समेत देखिन्छ ।निम्नानुसार उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । तसर्थ उपभोक्ता समितिसँग पालिकाको कार्यालयको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीको उल्लिखित प्रावधान विपरित भएको देखिएकोले उल्लिखित नियमको पालना गरी नियमित गर्नु पर्ने रू.<br>(विस्तृत विवरण बेरुजु दफा ८९ सँग सम्बन्धित अनुसुची -४ मा संलग्न छ।) | ८,७०२,८०० | उपभोक्ता समितिले सम्झौता गरी आफैले गर्नु पर्ने कार्य निर्माण व्यवसायीलाइ दिएको होइन । उपभोक्ता समितिले बाटो मर्मत सुधार गर्न मेशिन प्रयोग गर्ने गरी सम्झौता गरेको र उपभोक्ता समितिसँग मेशिन नहुने हुँदा निर्माण व्यवसायीसँग मेशिन भाडामा लिएर चलाएबापत हुने रकमको बिल निर्माण व्यवसायीलले समितिलाइ दिइ समितिले निर्माण व्यवसायीको बिल पेश गरेको हो। उल्लेख भएजस्तो समितिले सम्झौता गरी कार्य गर्न निर्माण व्यवसायीलाइ नदिएकोले उल्लेखित बेरुजु फर्छ्यौट गर्ने । | आगामी दिनमा थप सुधार गरिने । |
| ६ | ०७९/८० | ९० | <u>ठुला कुलो कलबट निर्माण</u>:- पालिकाकाको स्वीकृत कार्यक्रम अनुसार ठुलो कुलो कलबट निर्माण कार्यको लागी रु.१०५२३९० को लागत अनुमान स्वीकृत भई पालिकाबाट रु.१०००००० र समितिबाट रु. ५२३९० जनसहभागीता हुने गरी सम्झौता गरी प्राविधिक मूल्याङ्कन रु.१०५४६९५.५० र रु.९८००५७ करकट्टी बाहेक भुक्तानी भएकोमा पि.पि.सि १.२.३ (२.७५m३) र स्टोन मेसनरी कार्य (७३.३m३) को कार्यको लागी लागत दर विश्लेषमा आवश्यक पर्ने बालुवाको ढुवानी सहित रु.८४५४१ राखेकोमा उपभोक्ता समितिले सो बापतको बिल भरपाई पेस नगरेकोले साथै जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समिति मार्फत् कार्य गराएकोले गुणस्तर भएको भनी आश्वस्त हुन नसकिएको रु. | ८४,५४१ | ठूलोकुलो कल्भट निर्माण कार्य सम्पन्न भइ उपयोगमा आएको र समितिले बिल पेश गर्ने क्रममा बिल पेश गर्न छुटाएको तर सामान प्रयोग गरी कल्भर्ट निर्माण कार्य सम्पन्न भएको प्राविधक मुल्याङ्कनका आधारमा मात्र भुक्तानी भएको र सुझाव अनुसार चालु आ.व.देखि जटिल प्रकृतिका स्टक्चरका कार्य समिति मार्फत नगराउने निर्णय भएकोले उल्लेखित बेरुजु फर्छ्यौट गर्ने । | आगामी दिनमा सुधारको लागि निर्णय भइ सकेको अवस्था छ । |
| ७ | ०७९/८० | ९५ | <u>प्रदेश विशेषको रकम उपभोक्ता समितिबाट कार्य गराएको</u>:- विशेष अनुदान सम्बन्धी कार्यविधि २०७६ दोस्रो संशोधन बुदा (८) को (२) मा विशेष अनुदान बापत प्राप्त रकम उपभोक्ता समितिमार्फत संचालन हुने आयोजना कार्यक्रममा खर्च गर्न नपाइने व्यवस्था छ । पालिकाले प्रदेश विशेष कार्यक्रम अन्तर्गत निम्न योजनाहरु कार्यविधि विपरित उपभोक्ता समितद्वारा कार्य गराई खर्च लेखेको नियमसम्मत नदेखिएको रु.<br>गोर्भानं./मिति ; योजना/उपभोक्ता समितिको नाम ; सम्झौता रकम ; भुक्तानी रकम<br>१२/२०८०/२/८ ; बद्दीदमार सिंचाई योजना/ बद्दीदमार सिंचाई योजना उ.स ; २१०६०८२.९२ ; १९७२३३४<br>१७/२०८०/३/०६ ; बोक्से चौर सिंचाई योजना/ बोक्से चौर सिंचाई योजना उ.स ; ८४२९९०.७३ ; ७९८२००<br>जम्मा ; ; ; २७७०५३४ | २,७७०,५३४ | कार्यपालिका बैठकबाट रु १० लाख सम्मको काम उपभोक्ता समिति मार्फत गराउने गरी निर्णय भए अनुसार उपभोक्ता समिति मार्फत काम गराइएको हो । कार्य सम्पन्न भइ सो कार्यबाट स्थानीयले लाभ प्राप्त गरिरहेको अवस्था छ । आगामी दिनमा कार्य विधिको पूर्णपालना गरी कार्य गराउने गरी उल्लेखित बेरुजु फर्छ्यौट गर्ने । | आगामी दिनमा कार्यविधिको पूर्ण पालना गरिने । |
| | | | जम्मा | १५,२७५,३३० | | |

प्रमाणिकरण गर्ने
अध्यक्ष/नगर प्रमुख

<table>
<tr><th>सि.नं.</th><th>आ.व.</th><th>बेरुजु दफा नं.</th><th>व्यहोरा</th><th>बेरुजु रकम</th><th>फछ्र्यौट गर्नु पर्नाको कारण</th><th>सिफारिस</th></tr>
<tr>
<td>१</td><td>०७८/७९</td><td>२७.२</td>
<td><u>उपभोक्ता समितिबाट निर्माणः-</u> उपभोक्ता समितिबाट निर्माणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने व्यवस्था छ । सोही नयमावलीको नियम नियम ९७ को उपनियम (१२) अनुसार निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु व्यवस्था छ । पालिकाले देहाय अनुसारका उपभोक्ता समितिहरू मार्फत सरकारी भवनहरू निर्माण गराई भुक्तानी गरेको छ । प्रतिस्पर्धाबाट कार्य गराउन सिमित हुने गरी नियम विपरीत सरकारी भवनहरू उपभोक्ता समितिबाट निर्माण गराई भुक्तानी गरेको अनियमित देखिएको रू
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>भुक्तानी</th></tr>
<tr><td>२१०–२०७९।३।२५</td><td>पदमे स्वास्थ्य चौकी भवन</td><td>४५३९००</td></tr>
<tr><td>२१०–२०७९।३।२५</td><td>स्वास्थ्य चौकी भवन</td><td>६३३०००</td></tr>
<tr><td>१९१-२०७९।३।२२</td><td>वडा कार्यालय कम्पाउण्ड</td><td>४२५०००</td></tr>
<tr><td>१३२-२०७९।१।७</td><td>वडा कार्यालय बैठक कक्ष निर्माण</td><td>५५००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२०६१९००</td></tr>
</table>
</td>
<td>२,०६१,९००</td>
<td>कार्यपालिकाको निर्णय अनुसार १० लाख सम्मका योजना उपभोक्ता समिति मार्फत गर्ने गरी निर्णय भएकोले निर्णय अनुसार समिति जागरुक भइ कार्य गर्न तत्पर भइ आएअनुसार समितिसँग सम्झौता गरी कार्य गराइएको हो । उक्त कार्य सम्पन्न भइ प्राविधिक नौपजाच बमोजिम रकम भुक्तानी समेत भइ हाल उक्त भवनहरु उपयेगमा रहेकेले आगामी दिनमा यस प्रकारका जटिल कार्यहरु उपभोक्ता समिति मार्फत नगराउने गरी उल्लेखित बेरुजु फछ्र्यौट गर्ने ।</td>
<td>सुधारको लागि कार्यपालिकाबाट निर्णय भइ सकेकोले आगामी दिनमा सुधार हुने ।</td>
</tr>
<tr>
<td>२</td><td>०७८/७९</td><td>३०.१</td>
<td><u>उपभोक्ता समितिबाट निर्माण कार्यः-</u> सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्राक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । नमूना छनोटको आधारमा परीक्षण गर्ने गरी छनोट भएका देहायका उपभोक्ता समितिले आफै निर्माण कार्य गर्ने गरी सम्झौता गरेकोमा निर्माण व्यावसायीबाट काम गराइ निर्माण व्यवसायीहरूको रू. ४१०६३३५७.३९ को बिल पेश गरेको देखियो । गाउँपालिकाबाट भुक्तानी भएको ३८५४३४८ र उपभोक्ता समितिले व्यहोर्नु पर्ने रू. २८८९३७ समेत देहाय अनुसार निर्माण व्यवसायीबाट बिल पेश गरेको देखिन्छ ।गाउँपालिकाबाट भुक्तानी भएको रू. ३८५४३४८ र उपभोक्ता समितिले व्यहोर्नु पर्ने श्रमदान समेत नियमावलीमा भएको व्यवस्था विपरित काम गराई उपभोकता समितिले निर्माण व्यवसायी र कार्यालयबीच मध्यस्थकर्ताको कार्यमात्र गरेको देखिन्छ । यसरी काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिसकर्ता एवं अनुगमनकर्तालाई यस सम्बन्धमा जिम्मेवार बनाउनु पर्ने देखिएको रू.
<table>
<tr><th>गो. भौ.नं./ मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>भुक्तानी रकम</th><th>निर्माण व्यसायी</th><th>निर्माण व्यवसायीलाई भुक्तानी</th><th>जनसहभागिता</th></tr>
<tr><td>२१०-२०७९।३।२५</td><td>धारा मुलबारी मोटरबाटो</td><td>१९५०००</td><td>पाणिनी निर्माण सेवा</td><td>२११११७</td><td>१६९७०</td></tr>
<tr><td>२०९-२०७९।३।२५</td><td>छेडासानीलेख मोटरबाटो</td><td>८६२००</td><td>पौडेल कन्ट्रक्सन</td><td>९१९७६.९</td><td>५१८६</td></tr>
<tr><td>१९१-२०७९।३।२२</td><td>कृष्ण मन्दिर सिउडेनी बडरे मो.बा.</td><td>९९३००</td><td>पौडेल ब्रदर्श नि.से.</td><td>१०२३०५.११</td><td>५६१३</td></tr>
<tr><td>१९१-२०७९।३।२२</td><td>कोतिकेदेखि पाखापानी मो.बा.</td><td>४४१००</td><td>जयमा लक्ष्मी कन्ट्रकसन</td><td>४६०७३.९९</td><td>२५७७</td></tr>
<tr><td>१२३-२०७९।१।५</td><td>सिद्धारा नेपाने ढिही मोटरबाटो</td><td>२४०७००</td><td>आर.एस.एस. कन्ट्रक्सन</td><td>२३५९००</td><td>१२७६९</td></tr>
<tr><td>१३४-२०७९।१।१२</td><td>खमारी वसारी सेरा मोटरबाटो</td><td>९६०००</td><td>पौडेल ब्रदर्श नि.से</td><td>१०३४०५</td><td>८३१६</td></tr>
</table>
</td>
<td>३,८५४,३४८</td>
<td>उपभोक्ता समितिले सम्झौता गरी आफैले गर्नु पर्ने कार्य निर्माण व्यवसायीलाइ दिएको होइन । उपभोक्ता समितिले बाटो मर्मत सुधार गर्न मेशिन प्रयोग गर्ने गरी सम्झौता गरेको र उपभोक्ता समितिसँग मेशिन नहुने हुँदा निर्माण व्यवसायीसँग मेशिन भाडामा लिएर चलाएबापत हुने रकमको बिल निर्माण व्यवसायीलले समितिलाइ दिइ समितिले निर्माण व्यवसायीको बिल पेश गरेको हो । उल्लेख भएजस्तो समितिले सम्झौता गरी कार्य गर्न निर्माण व्यवसायीलाइ नदिएको र आगामी दिनमा काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिसकर्ता ...</td>
<td>आगामी दिनमा सुधार गरिने ।</td>
</tr>
</table>

प्रमाणिकरण गर्ने
छविलाल पौडेल
सभाध्यक्ष/नगर...

| | | | | | |
|---|---|---|---|---|---|
| १३४-२०७९।११।१२ | बतासे डाँडादेखि चलौजा मो.बा. | २९५६०० | बुद्धभूमि निर्माण सेवा | ३१५०१६ | ३११४२ |
| १२०-२०७८।१२।२४ | मालारानी पाहारे हल्दे मो.बा. | ९९००० | जयमा लक्ष्मी कन्ट्रकसन | १०५००० | ५२८२ |
| १२०-२०७८।१२।२४ | चिउरीधरी सुनारीपाटा मो.बा. | १९९५०० | जयमा लक्ष्मी कन्ट्रकसन | २१०००२.५९ | १६२९४ |
| १२०-२०७८।१२।२४ | पाकुरी लामिदमार खेलमैदान | ९८५०० | बुद्धभूमि निर्माण सेवा | १०६९९१.३ | ८२०८ |
| १०४-२०७८।११।२७ | बढहरे मोटरबाटो निर्माण | १९०००० | पौडेल ब्रदर्श नि.से. | २०२४१० | १०९३५ |
| १०४-२०७८।११।२७ | देउराली करम पोखरी मोटरबाटो | ९९१०० | महान कन्ट्रकसन | ११०००५.५ | ५६९१ |
| १०४-२०७८।११।२७ | साबिक वडा नं. ५, ६, ७ मोटर | ३९७९०० | ,, | ४२०२०० | २११२८ |
| ८०-२०७८।११।८ | करम्दिप शब्दु मो.बा. | १००००० | पाणिनी निर्माण सेवा | १०८४२९ | १०८१२ |
| ८०-२०७८।११।८ | अमिलेबारी मोटरबाटो | १५०००० | हर्रे निर्माण सेवा | १५९९२६ | १२७५१ |
| १८८-२०७८।३।२० | फेदी काठे खोला काँकि मो.बा. | ९५५४८ | हर्रे निर्माण सेवा | १०९३८४ | ८३०२ |
| १८८-२०७८।३।२० | बाटुले घारी घलेटाकुरा मो.बा. | १३८४०० | हर्रे निर्माण सेवा | १४६०५८ | ७५७३ |
| १८८-२०७८।३।२० | बर्रे खेलमैदान | १४५००० | आर.एस.एस. कन्ट्रक्सन | १५७००० | ८९४७ |
| १७४-२०७९।३।८ | भैसिबाने पाटा कमेरीखाय कृषि | १६८५०० | महान कन्ट्रक्सन | १७८२०८ | १३२१२ |
| १७५-२०७९।३।८ | साबिक सिमलपानी ५, १ | ४६६००० | हर्रे निर्माण सेवा | ४९३७२१ | २९७२५ |
| १५६-२०७९।२।२६ | भनभने गल्छङ बंसारी मो.बा. मर्मत | १५०००० | पौडेल ब्रदर्श नि.से. | १५८४०८ | १५८४० |
| १२७-२०७९।२।३० | खैरेनी तल्ला छहरे मोटरबाटो | ३००००० | आर.एस.एस. कन्ट्रक्सन | ३१६७४० | ३१६७४ |
| जम्मा | | ३८५४३४८ | ० | ४१०६३५७.३९ | २८८९३७ |

एवं अनुगमनकर्तालाई यस सम्बन्धमा जिम्मेवार बनाइ कार्य गर्ने गरी उल्लेखित बेरुजु फर्छ्यौट गर्ने ।

३ | ०७८/७९ | ३०.३

<u>जटिलसंरचना निर्माणः-</u> सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले भवन, कल्भर्ट, खानेपानी संरचना लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गो.भौ.नं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | लागत अनुमान | |
|---|---|---|---|---|
| २१०–२०७९।३।२५ | पदमे स्वास्थ्य चौकी भवन | भवन निर्माण | ५२६४८४.६५ | |
| २१०–२०७९।३।२५ | स्वास्थ्य चौकी भवन | भवन निर्माण | | |
| २१०–२०७९।३।२५ | शितगंगा उद्योग वाणिज्य भवन | भवन निर्माण | १०६३५४०.१३ | |
| १९२-२०७९।३।२२ | आँखा अस्पताल | भवन निर्माण | १०५५५१३.८१ | |
| ११७-२०७८।१२।२२ | सामुदायिक भवन | ,, | ३१६८०७.७२ | |
| १४४-२०७९।१।२२ | जलुके कृषि सामुदायिक संस्था | ,, | ५२६७३०.११ | |

शितगंगा उद्योग वाणिज्य भवन निर्माण गर्न पालिकाद्वारा दिइएको अनुदान रकम रु १० लाख ६३ हजार ५४० अनियमित देखिएको रु

१०६३५४०

नगरपालिका भित्र रहेका विभिन्न सहकारीहरुलाइ गत विगत आ.वहरु देखिनै यस प्रकारका विभिन्न शिर्षकमा रकम विनियोजन गर्दै नगरवासी नागरिकहरु सलग्न रहेका सहकारीलाइ व्यवस्थित बनाउन भवन निर्माण हुँदै आएकोले यस आ.व.मा समेत भवन निर्माणको आवश्यक्ता महसुस गरी वजेट विनियोजन गरी भवन निर्माण कार्य भएका हुन आगामी दिनमा सुझाव कार्यान्वयन गर्ने गरी उक्त बेरुजु फर्छ्यौट गर्ने ।

आगामी दिनमा आफ्नो रहेको अवस्थामा संरचना उपयोगमा ल्याउने प्रयोजन बाहेक रकम विनियोजन नहुने ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | ०७८/७९ | ४१ | प्रमाणीकरण गर्ने पौडेल नगर प्रमुख<br>**<u>स्यानेटरी प्याडः-</u>** सामुदायिका विद्यालयका कक्षा ६-१२ सम्मका छात्राहरुको लागि निःशुल्क स्यानेटरी प्याड वितरणको लागि पालिकाले आर्थिक वर्षको अन्त्यमा भौ नं २२५-२०७९।३।३४ मा झरना इन्टरप्राइजेज प्रा लि बाट ३३८०० प्याकेट प्रति प्याकेट रु ३३.९ का दरले रु ११४५८२० र भौ नं २३२-२०७९।३।२४ मा टाइम सर्जिकल सप्लायर्सबाट १२९०२ प्याकेट प्रति प्याकेट रु ६९.६४ का दरले रु ८९९९७७ गरी कुल रु २०४५७९७ को स्यानेटरी प्याड खरिद गरेको छ । उक्त स्यानेटरी प्याड अन्तिम लेखापरीक्षणको मिति २०७९।८।१२ सम्म पनि मौज्दात राखेको पाइयो । साथै खरिद स्यानेटरी प्याडको पेश भएको गुणस्तर परीक्षण रिपोर्ट अनुसार उक्त स्यानेटरी प्याडको अन्तिम म्याद २०७९।११।५ सम्म मात्र रहेकोले आगामी दिनमा प्रयोगमा आउने अवस्था छैन । अतः यसरी आवश्यकता भन्दा बढी प्याड खरिद गरी मौज्दात राखेकोले आर्थिक व्ययभार बढ्न गएकोले खर्चको प्रभावकारीता नभएको रु. | २,०४५,७९७ | मिति २०७९-३-२४ मा खरिद भएकोले उक्त समयमा वार्षादको कारण विद्यालय विद्यालय पुराउन नसकिएको र पहिले खरिद भएको प्याड विद्यालयमा मौज्दात रहेको कारण हतार नभइ मौज्दात रहेको हो । वर्षाद सकिना साथ बाटाहरु मर्मत सुधार भइ गाडी संचालन हुना साथ सम्बन्धित विद्यालयमा बुझाइ प्रयोग भइसकेको अवस्था छ । आगामी दिनमा आवश्यक मात्रा मात्र समयमै खरिद गरी समयमै विद्यालयमा बुझाउने गरी उक्त बेरुजु फर्छ्याट गर्ने । | सुझाव अनुसार सुधार गरिएको । |
| जम्मा | | | | ९,०२५,५८५ | | |

प्रमाणिकरण गर्ने<br>छविलाल [illegible] पौडेल<br>सभाध्यक्ष [illegible] प्रमुख

<table>
<tr><th>सि.नं.</th><th>आ.व.</th><th>बेरुजु दफा नं.</th><th>व्यहोरा</th><th>बेरुजु रकम</th><th>फछ्यौंट गर्नु पर्नाको कारण</th><th>सिफारिस</th></tr>
<tr><td>१</td><td>०७७/७८</td><td>२९.४</td><td><u>सल्लाकार खर्च:-</u> स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७६ मा कानुनी सल्लाहकार नियुक्त गर्ने व्यवस्था छैन । कार्यालयले श्री टिकाराम भुसाललाई कानुनी सल्लाहकार नियुक्त गरी मासिक रु. ८०००/- का दरले पारिश्रमिक, दशै खर्च समेत सुविधा भुक्तानी दिएको पाइयो । कानुनमा व्यवस्था नभएको सुविधा दिएकोले बढि व्ययभार परेको ।</td><td>१०४,०००</td><td>नयाँ गठित नगरपालिका भएकोले सुरुमा कानुनी जटिलता उत्पन्न भइ सो का लागि कानुनी सल्लाहकार राखिएको हो । आगामी दिनमा सुधार गर्ने गरी उक्त बेरुजु फछ्यौंट गर्ने ।</td><td>आगामी दिनमा सुधार गर्दै लगिने ।</td></tr>
<tr><td>२</td><td>०७७/७८</td><td>३७.२</td><td><u>नीजि श्रोतका शिक्षकको तलब भत्ता:-</u> अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साबिकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७७ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई देहाय अनुसार भुक्तानी गरेको देखियो।यस सम्बन्धमा गतवर्षसमेत औंल्याइएकोमा त्यसतर्फ सुधार नगरी पुनरावृत्ति हुनु उचित होइन । अतः यसमा सुधार गरीनु पर्दछ । साथै उक्त खर्च नियमसम्मत नदेखिएको रु
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>कर्मचारीको नाम</th><th>जम्मा (चाडपर्व र पोषाक सहित</th></tr>
<tr><td>१</td><td>ज्योति मा.वि. ठाडा</td><td>बाबुराम बेल्बासे</td><td>३४३३२०</td></tr>
<tr><td>२</td><td>सुधा मा.वि. जुकेना</td><td>सुधा मा.वि.</td><td>१८१७९५</td></tr>
<tr><td>३</td><td>जनजागृती मा.वि. सिद्धारा</td><td>जनजागृती मा.वि. सिद्धारा</td><td>३४३३२०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>८६८४३५</td></tr>
</table></td><td>८६८४३५</td><td>विद्यालयमा आन्तरीक श्रोत नभएको कारण थप शिक्षकको व्यावस्था गरी निजहरुलाइ तलब व्यवस्था भएको हो । काम गरेको पारिश्रमिक उपलब्ध गराइएको र काममा लगाएपछी दिनु पर्ने रकम कार्यक्रम स्वीकृत हुँदा वित्तिय समानिकण अनुदान तर्फ पर्न गइ सोही बमोजिम खर्च भएको हो । आगामी दिनमा सुधार गर्ने गरी उक्त बेरुजु फछ्यौंट गर्ने ।</td><td>आगामी दिनमा सुझाव अनुसार कार्यान्वयन गरिने ।</td></tr>
<tr><td>३</td><td>०७७/७८</td><td>३८.६</td><td><u>खाना खर्च नगदै वितरण:-</u> कोभिड महामारि नियन्त्रण गर्नका लागि आसंकित व्यक्तिहरुलाई क्वारेन्टीन तथा आईसोलेसनमा राखी समुदायबाट अलग गरि राखिएको हुनुपर्दछ । कार्यालयले क्वारेन्टीनमा राखिएका आशंकित व्यक्तिहरु मध्ये देहाय अनुसार वडा नं.३ ले होटेललाई खाना खर्च रु.९४५० र न.पा. केन्द्रले रु.८५९८० भुक्तानी गरेको छ तर वडा नं. १ र वडा नं. ३ का क्वारेन्टीनका आसंकितहरुलाई निजहरुले आफ्नै घरबाट खाना तथा खाजा ल्याएर खाएको उल्लेख गरि आसंकितहरुलाई नगदै वितरण गरेको देखियो । त्यस्तै आसंकित व्यक्तिहरुलाई १४ दिन क्वारेन्टीनमा राखेपछी परिक्षण नै नगरि घर फिर्ता पठाउने संघीय स्वास्थ्य मन्त्रालयको निती भएता पनि १३ दिन देखि ५४ दिन सम्म क्वारेन्टिन बसेको देखाई खाना तथा खाजा खर्च नगदै वितरण गरेकोले नियमसम्मत नदेखिएको रु
<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रु.</th></tr>
<tr><td>१</td><td>२०-०७७/६/८,२१-०७७/९/८</td><td>वडा नं. १ का सचिव कल्पना भण्डारीलाई क्वारेन्टीन बसेका आसंकित व्यक्तिहरुलाई खाना र खाजा व्यवस्थापन गर्न पेश्की दिएकोमा आसंकित व्यक्तिहरु क्वारेन्टीनमा बसेको अवधिको खाना दर रु.१६०/ रु.१७५ का दरले १३५ जनालाई १३ देखि ५४ दिनसम्म क्वारेन्टीन बसेको जनाइ निजहरुलाई नगदै खाना तथा खाजा खर्च वितरण गरेको रु</td><td>५५००००/-</td></tr>
<tr><td>२</td><td>२२-०७७/९/१०</td><td>वडा नं. ४ को वडा सचिव ममता क्षेत्री ए.</td><td>२५२००/-</td></tr>
<tr><td></td><td></td><td></td><td>५७५२००</td></tr>
</table></td><td>५७५२००</td><td>कोभिड महामारीको समयमा उक्त वडाहरुमा रहेका स-साना होटलहरुले समेत डरका कारण खाना नखुवाएकाले आ-आफ्नो घरबाट खुवाउन लगाइ तोकिएबमोजिम रकम नगदै दिइएको हो । एउटै क्वारेन्टाइनमा बसेको मध्ये चेक गर्दा एक जनालाइ कोरोना पोजेटिभ देखिएपछी अन्यलाइ समेत घरमा पठाउन नमिल्ने भएकोले यसरी गर्दै जादा कतिपय व्यक्ति ५४ दिन सम्म पनि क्वारेन्टायनमा बस्नु परेको हो । उक्त बसाइ रहरले नभइ कहरले बसेको र महामारीमा कार्य गर्दा सेवा दिने कममा नगदै दिनु पर्ने बाध्यात्मक अवस्थामा मात्र दिएको र उक्त रकम कोरेन्टाइनमा बसेका सम्बन्धित व्यक्तिहरुलाइ तोकिएको दरले मात्र दिएकोले उक्त बेरुजु फर्छौट गर्ने ।</td><td>आगामी दिनमा सुधार गर्दै लगिने ।</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१,५४७,६३५</td><td></td><td></td></tr>
</table>

| सि.नं. | आ.व. | बेरुजु दफा नं. | ब्यहोरा | बेरुजु रकम | फछ्र्यौट गर्नु पर्नाको कारण | सिफारिस |
|---|---|---|---|---|---|---|
| १ | ०७६/७७ | ११ | कर्मचारी प्रोत्साहन भत्ता:- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। त्यस्तै अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्मस स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ। कार्यालयले भौ.नं. २४ मा अतिरिक्त भत्ताको रकम भुक्तानी गरेकोमा प्रमाणित हाजिर पेश गरेको छैन। कुन समयमा काम गरको हो खुलाएको छैन। यसरी प्रमाणित हाजिर र अर्थ मन्त्रालयको स्वीकृति बेगर अतिरिक्त भत्ता खर्च लेखेकोले पालिकालाई बढी व्ययभार पर्न गएको रु. | ५०,७३७.५० | अर्थ मन्त्रालयले तोकेको नर्म बमोजिम बिहान साझ कार्य गरेबापत खाजा खर्च दिएकोले उक्त बेरुजु फर्छौट हुन । | आगामी दिनमा सुझाव कार्यान्वय हुने । |
| २ | ०७६/७७ | ४९ | ४०३/०७७/३/१४ पालिकाले मालिका इन्फोसिस एण्ड सर्भिस प्रा.लि.बाट योजना अनुगमन मुल्याङ्न तथा प्रगति विवरण सफ्टवेयर १ थान रु.२,०३,४०० मा र राजश्व अनलाइन सफ्टवेयर र जिन्सी व्यवस्थापन सम्बन्धि सफ्टवेयर रु.३,११,५५० गरि रु.४,९१,५५० (भ्याट समेत)मा सफ्टवेयर खरिद गरेकोमा लेखापरिक्षण समय २०७८/१/२२ सम्म राजश्व अनलाइन सफ्टवेयर र जिन्सी व्यवस्थापन सम्बन्धि सफ्टवेयर सेटअफ नगरी प्रयोग गरेको छैन। सम्झौताको अवधिमै सेटअफ र जडान गरे पश्चात भुक्तानी दिनुपर्नेमा सेटअफ नहुदै सम्पुर्ण रकम भुक्तानी भएको रकम अनियमित देखिएको रु. | ३११,५५० | उक्त शाखामा तत्कालिन अवस्थामा सफ्वेयर संचालन गर्ने कर्मचारी नभएको र सबै प्रविष्ट गर्न समय अभावका कारण नसकिएकोले संचालन नभएको हो । अर्को आर्थिक वर्षमा उक्त दुवै शाखामा संचालन भएकोले उल्लेखित बेरुजु फर्छौट गर्ने । | आगामी दिनमा सुझाव कार्यान्वय हुने । |
| | | | जम्मा | ३६२,२८८ | | |

प्रमाणीकरण गर्ने
...पौडेल
नगर प्रमुख

| सि.नं. | आ.व. | बेरुजु दफा नं. | व्यहोरा | बेरुजु रकम | फछ्र्यौट गर्नु पर्नाको कारण | सिफारिस |
|---|---|---|---|---|---|---|
| १ | ०७५/७६ | २३ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९(१) मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने विषय सम्बन्धमा व्यवस्था छ। कार्यालयले रौंगाकाटे नयाँबस्ती खारघाट मोटरबाटोको लागि यस वर्ष विनियोजन गरेको रु. ५ लाख र गत वर्ष विनियोजित राजश्व बाँडफाँडको मौज्दात रु. २ लाख समेत रु. ७ लाख बजेट व्यवस्था भएकोमा २ अलग योजना देखाई अलग अलग लागत अनुमान तयार गरि एउटै उपभोक्ता समितिसँग २ पटक सम्झौता गरी कार्य गराएको छ। नगरसभाले कार्यक्रम तथा बजेट विनियोजन गर्नुपर्नेमा नगरि नगर कार्यपालिकाको बैठकले योजनामा बजेट थप गर्ने कार्यको अन्त्य हुनुपर्नाको साथै एउटै उपभोक्ता मार्फत २ सम्झौता गरि भौ.न. ५६-२०७५/११/१५ बाट रु.७,००,०००/- भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु. | ७००,००० | उक्त सन्दर्भमा नगरसभाबाट रु ५ लाख बजेट विनियोजन भइ सम्झौता गरी कार्य गरेको र पछी हिउँदमा परेको पानीले बाटो बिगारेकोले गत वर्षको मौज्दात रकमबाट उक्त बाटोलाइ रु २ लाख थप भइ लागत अनुमान तयार गरी थप कार्य भएको हो । थप कार्य भएकोले उक्त बेरुजु फछ्र्यौट गर्ने । | आगामी दिनमा सुधार गर्दै लगिने । |
| २ | ०७५/७६ | २५ | **विनियोजित रकम:-** कार्यालयले विनियोजित रकम खर्च गर्दा सभाले जुन प्रयोजनको लागि रकम विनियोजन गरेको हो सोही प्रयोजनमा खर्च गर्नु पर्दछ। कार्यालयले खानेपानी, सिंचाई कार्यक्रमको लागि प्रदेश सरकारबाट प्राप्त म्याचिङ रु. ९३,५२२/- र वित्तिय समानीकरण पूँजीगतबाट विनियोजन गरेको म्याचिङ रु. १४,००,०००/- र खानेपानी, सिंचाईको गतवर्षको म्याचिङ मौज्दात रु. ११,००,०००/- रहेको मध्येबाट भौ.नं. १५५-२०७६/०३/१२ बाट बसपार्क निर्माणमा रु. ११,००,०००/- खर्च लेखेको छ। म्याचिङ छुट्याएको रकम सम्बन्धित योजनामा खर्च नगरी अन्य योजनामा खर्च गर्ने कार्य नियम सम्मत नदेखिएको रु. | १,१००,००० | म्याचिङको लागि बजेट राखेको तर म्याचिङ गर्नुपर्ने कुनै कार्यक्रम नआएकोले उक्त शिर्षकमा रहेको रकम संसोधन गरी कार्यपालिकाको निर्णय बमोजिम बसपार्क निर्माणमा विनियोजन गरी कार्य समेत भएकोले उक्त बेरुजु फछ्र्यौट गर्ने । | आगामी दिनमा सुधार गर्दै लगिने । |
| ३ | ०७५/७६ | २६ | **भेडामारे सिमलपानी पावरा विक्रम सडक:-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ बमोजिम खरिद योजना तयार गर्नुपर्ने र नियम ९(१) मा लागत अनुमान तयार गर्दा बार गर्नुपर्ने विषय सम्बन्धमा व्यवस्था छ। सभाले उल्लेखित योजनाको लागि रु. १ करोड १२ लाख विनियोजन गरेको पाईयो। योजना कार्यान्वयन गर्दा खरिद योजना बेगर र लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने विषय विचार नै नगरी लागत अनुमान टुक्राई २ प्याकेजमा निम्नानुसार कार्यान्वयन गराइएको पाइयो। उल्लेखित योजनाको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् क) कार्यालयले प्राविधिकबाट लागत अनुमान तयार भएको मिति, कार्यालयले लागत अनुमान स्वीकृत गरेको मिति, एकमुष्ठ लागत अनुमान तयार नगरी लागत अनुमान टुक्राई खरिद गर्नुपर्नाको आधार लेखापरीक्षणमा पेश नभएको। ख) कार्यालयबाट खरिदमा भाग लिन बोलपत्र खरिद गरेको सबै बोलपत्र खरिदकर्ताले बोलपत्र दाखिला नगरेको सम्बन्धमा छानबिन गरेको छैन। साथै दुवै ठेक्का कार्यमा ३/३ निर्माण व्यवशायीले मात्र बोलपत्र दाखिला गरेको र लागत अनुमानकै हाराहारीमा कबोल गरेको सम्बन्धमा विश्लेषण नै नगरी ठेक्का स्वीकृत गरेको छ। ग) निर्माण व्यवशायीले सम्पन्न गरेको कामको नापजाँच गरेको मिति, प्राविधिक मुल्याङ्कन र कार्यसम्पन्न तयार गरेको मिति उल्लेख नगरेको। अतः कार्यालयले लागत अनुमान टुक्राई प्रतिस्पर्धा सिमसत हुने गरि खरिद गरेको नियमसम्मत नदेखिएको रु. | ९,९८४,८०६ | उक्त कार्य वार्षिक खरिद योजना अनुसार प्याकेज बनाइ गरिएको हो । पहिलो प्याकेजका २ वटा ठेक्का व्यवस्थापन हुँदा प्रतिस्प्रधा भइ बचेको रकमबाट दोस्रो पटक दुवै प्याकेजको समेत ठेक्कापट्टाको माध्यमबाट कार्य भएको हो । कार्य भएको आधारमा रकम भुक्तानी भएकोले उक्त बेरुजु फछ्र्यौट गर्ने । | आगामी दिनमा सुधार गर्दै लगिने । |

प्रमाणिकरण गर्ने छविन्द्र पौडेल प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | ०७५/७६ | २७ | कामको यथार्थता:- प्रदेश नं. ५, प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन २०७४ को दफा ४५(२) मा कारोबारसँग सम्बन्धित कागजात तयार गर्ने, पेश गर्ने, र सिफारिस गर्ने कर्मचारी तथा पदाधिकारीले आफूले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यवस्था छ। जुकेना वडा नं. ६ मा विद्युत एल.टी. लाईन विस्तार कार्य गर्दा राजश बाँडफाँड उर्जा तर्फबाट रु. १० लाख र आन्तरिक श्रोत तर्फबाट रु. ५,७५,०००/- समेत रु. १५,७५,०००/- बजेट विनियोजन भएकोमा रु. १०,५६,४७५/- को लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग २०७५/१०/१३ मा कार्य गर्न सम्झौता गरेकोमा पुन: रु. ६,०५,६०६/- को लागत अनुमान तयार गरी सोही उपभोक्तासँग २०७६/०२/१२ मा अर्को सम्झौता गरि कार्य गराई क्रमश: रु. १०,५२,५७४/- र रु. ६,२७,६०८/- को प्राविधिक मुल्याङ्कन गरि भौ.नं. २०५-२०७६/०३/२७ बाट रु. १५,५३,२००/- भुक्तानी दिएको पाइयो। लागत अनुमान तयार गर्दा conductor ०.००३ sq inch ACSR को जिल्ला दर रु. ३२,०००/- रहेकाले रु. ३८,०००/- राखेकोमा कामको मुल्याङ्कन गर्दा रु. ३३,०००/- भएको तर उपभोक्ताले पेश गरेको खरिद बिलमा रु. ३५,०००/- रहेबाट कामको लागत अनुमान, मुल्याङ्कन तथा खरिद बिल बिच तादम्यता नदेखिएको। लागत अनुमानमा ११८ पोल गाड्ने रहेकोमा प्राविधिक मुल्याङ्कनमा १५८ मात्र गाडिएको अवस्था छ। एउटै योजनालाई टुक्राई २ योजना बनाएको, एउटै उपभोक्ता सँग २ पटक सम्झौता गरि कार्य गराएको लागत अनुमान, कार्यसम्पन्न प्रतिवेदन तथा खरिदको दर फरक परेको देखिएकोले लागत अनुमान तयार गर्दा जिल्लन दररेट भन्दा फरक दर राखे, लागत अनुमानमा तोकिएको परिमाण बराबर काम नभएकोमा सोको कारण बेगर कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने तथा वास्तविक खरिद दर भन्दा फरक दर परेको सम्बन्धमा सम्बन्धित व्यक्तिलाई जिम्मेवार बनाउनुपर्ने देखिएको रु. | १,५५३,२०० | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १३ मा आफ्नो क्षेत्रभित्रको दररेट निर्माण गर्ने अधिकार रहेबमोजिम दररेट संसोधन गरी गरी खरिद कार्य गरी कार्य सम्पन्न भएको हो । ऐनमा भएको व्यवस्था बमोजिम दररेट कायम गरी कार्य सम्पन्न भएकोले उक्त बेरुजु फर्छ्यौट गर्न । | आगामी दिनमा सुधार गर्दै लगिने । |
| ५ | ०७५/७६ | २८ | ठाडा अमराई जुकेना जलुके सामाताल बढीदमार सडक:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ बमोजिम खरिद योजना तयार गर्नुपर्ने र नियम ९(१) मा लागत अनुमान तयार गर्दा बार गर्नुपर्ने विषय सम्बन्धमा व्यवस्था छ। सभाले उल्लेखित योजनाको लागि रु. १ करोड १२ लाख विनियोजन गरेको पाईयो। योजना कार्यान्वयन गर्दा खरिद योजना बेगर र लागत अनुमान तयार गर्दागर्नुपर्ने विषय विचार नै नगरी लागत अनुमान टुक्राई ३ प्याकेजमा निम्नानुसार कार्यान्वयन गराइएको पउल्लेखित योजनाको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् क) कार्यालयले प्राविधिकबाट लागत अनुमान तयार भएको मिति, कार्यालयले लागत अनुमान स्वीकृत गरेको मिति, एकमुष्ठ लागत अनुमान तयार नगरी लागत अनुमान टुक्राई खरिद गर्नुपर्नाको आधार लेखापरीक्षणमा पेश नभएको। ख) योजनाको विस्तृत लागत अनुमान तयार नगरी योजना टुक्राई साना प्याकेज बनाएको, लागत अनुमान तयार गर्दा चेनेज उल्लेख नगरेको तथा एकै चेनेजमा पटकपटक काम गराएको तथा उपभोक्ता समितिसँग अलग अलग लागत अनुमान तयार गरि कार्य गराएकोले खरिद प्रकिया मितव्यी नदेखिनुका साथै एकै योजनामा पटक पटक लागत अनुमान तयार गर्ने, निर्माण सम्बन्धि कागजात तयार गर्ने, सम्झौता गर्ने, मुल्याङ्कन गर्ने तथा कार्य सम्पन्न तयार गराउँदा लामो प्रशासनिक प्रक्रियामा कार्यालय अलमलिएको। ग) निर्माण व्यवशायीले सम्पन्न गरेको कामको नापजाँच गरेको मिति, प्राविधिक मुल्याङ्कन र कार्यसम्पन्न तयार गरेको मिति उल्लेख नगरेको। अत: कार्यालयले लागत अनुमान टुकाई प्रतिस्पर्धा सिमसत हुने गरि खरिद गरेको, एउटै चेनेजमा पटकपटक कार्य गराएको, खरिद व्यवस्थापनलाई लामो तथा झण्झटिलो हुने गरि कार्यपालिकाबाट निर्णय गरि खरिद गरेको देखिएकोले खरिद नियमसम्मत नदेखिएको रु. | १०,५४७,८५२ | उक्त कार्य वार्षिक खरिद योजना अनुसार प्याकेज बनाइ गरिएको हो । पहिलो प्याकेजका २ वटा ठेक्का व्यवस्थापन हुँदा प्रतिष्प्रधा भइ बचेको रकमबाट दोस्रो पटक दुवै प्याकेजको समेत ठेक्का पट्टाको माध्यमबाट भएको हो । कार्य भएको आधारमा रकम भुक्तानी भएकोले उक्त बेरुजु फर्छ्यौट गर्न । | आगामी दिनमा सुधार गर्दै लगिने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | ०७५/७६ | ३० | प्रमाणिकरण गर्ने<br>**गै.स.स. परामर्श खर्च:-** झोलुङ्गे पुल रणनीति २०६२ को बुँदा ६.४.८ मा प्राविधिक एवं सामाजिक परिचालनको लागि गैह सरकारी संस्था सहभागी गराउने व्यवस्था छ। जस अनुसार सर्भे, डिजाइन, लागत अनुमान एवं सुपरीवेक्षणमा गैह सरकारी संस्थाले सेवा प्रदान गरेमा ३ प्रतिशत सेवा शुल्क र ६.४.९ मा सामाजिक परिचालन एवं संगठनात्मक सहयोग सम्बन्धी सेवा गरेमा ३ प्रतिशत सेवा शुल्क पाउने व्यवस्था छ। झोलुङ्गे पुलको लागि लागत अनुमान तयार गरि गै.स.स.को परामर्श पावत भनी पुरै लागत अनुमानको ६ प्रतिशत सेवा शुल्क पाउने गरि सम्झोता गरेको देखियो। झोलुङ्गे पुलको लागत अनुमान तयार गर्दा र आवश्यक बुल्ड ग्रिप तथा वायर रोप झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमबाट प्राप्त हुने र फेब्रिकेसन पार्टस कार्यालयले खरिद गर्ने हुँदा उक्त कार्यमा गैह सरकारी संस्थाको कुनै सहभागिता रहेको देखिदैन। गैह सरकारी संस्थाको परामर्श तथा रेखदेख सामग्री ढुवानी देखि उपभोक्ता समितिले गर्ने निर्माण कार्य मात्रको रहेको देखिंदा लागत अनुमानको ६ प्रतिशत पुरै सेवा शुल्क पाउने आधार देखिदैन । यस वर्ष कार्यालयले निम्नानुसारका झोलुङ्गे पुल निर्माण कार्य गर्दा ग्रामिण तथा सामुदायिक स्वास्थ्य विकास केन्द्रसंग सम्झौता गरि पहिलो किस्ता पेश्की दिई कार्य गराएकोमा उपभोक्ता समितिले गर्ने कार्यको मात्र सेवा शुल्क भुक्तानी हुनुपर्नेमा पहिलो किस्ताबाटै बढी पेश्की दिएको रु. | ४७,५६८ | कार्यविधिमा नै कुल लागतको ६ प्रतिशत गैससलाइ सेवा शुल्क दिने व्यवस्था रहेको छ । उक्त उल्लेखित सबै कार्य कुल लागत अनुमान भित्रै पर्ने भएकोले सो बमोजिम कार्यविधिले तोकेबमोजिम नै भुक्तानी भएकोले उक्त बेरुजु फर्छ्यौट गर्ने । | आगामी दिनमा सुधार गर्दै लगिने । |
| ७ | ०७५/७६ | ४१ | **अनुदानको वितरणको आश्वस्तता:-** मिति २०७६/०२/०६ गो.भौ.नं.२६७ पालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार वडा नं. २ मा व्यवसायिक केरा खेतिको लागि कृषकहरुलाई केराको विउ अनुदान दिनको लागि नेपाल कृषि विकास फार्म प्रा.लि. कोहलपुर ८ बाँकि सँग ४०१५ ओटा टिस्युकल्चर प्रविधिबाट तयार पारिएको केराको विरुवा खरिद गरेको पाईयो। श्रेष्ता अनुसार तारा प्रसाद बम्राडे नामक कृषकले १५० ओटा केराको विउ बुझेको भरपाई संलग्न छ। निज तारा प्रसाद बम्राडेको मोबाईल नं. ९८४४७८१८२८ मा सम्पर्क गरि पालिकाबाट वितरण गरेको केराको विउको बारेमा जानकारी लिदा आफुले ४०/५० ओटा मात्र केराको बिउ प्राप्त गरेको जानकारी दिएकोले पालिकाबाट वितरणको केराको विउ कृषकहरुले प्राप्त गरेको सम्बन्धमा आश्वस्त हुनसक्ने अवस्था नरहेको रु. | १००,००० | केराको विउ भरपाइ अनुसारको नै उपलब्ध गराइएकोमा किसानले भुलबस बोल्दा फरक पर्न गएको हो । केराको विउ तोकिएबमोजिम भरपाइ गराइ बाडेकोले उक्त बेरुजु फर्छ्यौट गर्ने । | आगामी दिनमा सुधार गर्दै लगिने । |
| ८ | ०७५/७६ | ४२ | **अवकाश राहत रकम:-** पालिकाले विभिन्न वडाहरु (साविकका गाविस) मा कार्यरत रहदै आएका कार्यालय सहयोगीहरु मध्ये एसएलसी उत्तिर्ण नभएका कार्यालय सहयोगीहरुलाई २०७५ असार मसान्त देखि अवकाश दिइएकोले नगर कार्यपालिकाको मिति २०७५/०५/२५ र २६ गतेको निर्णयानुसार अवकाश प्राप्त कार्यालय सहयोगीहरुको लामो समयको योगदानको कदर गर्दै वडा नं. २,३,५,७ र १३ गरी जम्मा ५ जनालाई प्रति व्यक्ति रु. ५० हजारका दरले अवकाश राहत उपलब्ध गराउने निर्णय भएको पाईयो। अवकाश प्राप्त कार्यालय सहयोगीको नियुक्ति पत्र तथा सम्झौतामा कार्यालय सहयोगीहरु अवकाश भए पश्चातको सेवा सुविधाको सम्बन्धमा केही उल्लेख भएको पाईएन। पालिकाले अवकाश पश्चातको कर्मचारीको सेवा सुविधा सम्बन्धमा ऐन समेत बनाएको नपाइएकोले निज कार्यालय सहयोगीहरुलाई वितरण गरेको अवकाश राहत बापतको रकम नियम सम्मत नदेखिएको रु. | २५०,००० | लामो समय सम्म कार्यालय सहयोगीको रुपमा कार्य गरेका कर्मचारीलाइ अवकाश हुँदा सम्मान स्वरुप दिएको उक्त सामान्य रकम अवकास राहत बापत नै भएकोले उक्त बेरुजु फर्छ्यौट गर्ने । | आगामी दिनमा सुधार गर्दै लगिने । |
| | | | जम्मा | २४,२९३,४२६ | | |

<table>
<tr><th>सि.नं.</th><th>आ.ब.</th><th>बेरुजु दफा नं.</th><th>ब्यहोरा</th><th>बेरुजु रकम</th><th>फछ्यौंट गर्नु पर्नाको कारण</th><th>सिफारिस</th></tr>
<tr><td>१</td><td>०७४/७५</td><td>२५</td><td><u>सोझै खरिद:-</u> सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ ख (१) बमोजिम सार्वजनिक निकायले खरीद कार्य गर्दा प्रतिस्पर्धालाई सिमित हुने गरि टुका टुका पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसारका मालसामान सोझै खरिद गरि भुक्तानी दिएको नियमसम्मत देखियन रु.४१,५६,५३६/-<br>
<table>
<tr><th>सि.नं.</th><th>सामान आपुर्ति गर्नेको नाम</th><th>सामान खरिदको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>पारगन इन्टरनेशनल</td><td>मेरेसिनरी औजार</td><td>५९९४३६</td></tr>
<tr><td>२</td><td>बुटवल बाईकर्स प्रा.लि.</td><td>मोटरसाईकल</td><td>३५५७१००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४१५६५३६</td></tr>
</table></td><td>४१५६५३६.००</td><td>नगरपालिका सुरुमा संचालन गर्दा तत्काल कम्प्यूटर र मोटर साइकल आवश्यक परी सम्बन्धित वडा कार्यालयहरु मार्फत खरिद गरी बिल पेश गरी छुट्टाछुट्टै बिलका आधारमा एकमुष्ठ नभइ पटकै पिच्छे भुक्तानी भएको हो । मोटरसाइकलको कम्पनीले सार्वजनिक गरी तोकेको मुल्यमा खरिद भएकोले उक्त बेरुजु फछ्यौंट गर्ने ।</td><td>आगामी दिनमा सुझाव अनुसार कार्यान्वयन गरीने ।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td>४१५६५३६.००</td><td></td><td></td></tr>
</table>

प्रमाणीकरण गर्ने
छविलाल पौडेल